## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

खण्ड २०८३ संख्या ०१ मितिः २०८३/०३/१०

**भाग-१**

**त्रिवेणी नगरपालिका**

# त्रिवेणी नगरपालिकाको आर्थिक ऐन,२०८३

आज्ञाले,

बुद्धिप्रसाद उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत

**त्रिवेणी नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**तोली बाजुरा**

**त्रिवेणी नगरपालिकाको आर्थिक ऐन,२०८३**

**प्रस्तावनाः** त्रिवेणी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ को उपधारा (४) धारा ५९ को उपधारा (१) धारा ६० को उपधारा (१) धारा २२८ को उपधारा (२) बमोजिम त्रिवेणी नगरपालिका को नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि त्रिवेणी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति कर :** (१) त्रिवेणी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (अनुसूची-१) बमोजिम सम्पत्ति कर लगाइनेछ।

(२) उप-दफा (१) बमोजिम सम्पत्तिकर लगाउदा घर र घरले चर्चेको जग्गामा सम्पत्तिकर लगाई बाकी जग्गा र घर नभएको जग्गामा दफा ३ बमोजिम भूमिकर (मालपोत) लगाइनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागी "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

ख. सरकारी अस्पतालको घर र घरजग्गा,

ग. गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

च. धार्मिक संस्था, मन्दिर, गुम्बा, चर्च, मस्जिद आदिको घर र घर जग्गामा

छ. खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

**३. भूमिकर (मालपोत):** नगरपालिका क्षेत्र भित्र (अनुसूची-२) बमोजिम सम्पत्ति कर लागेको घर जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाइनेछ।

**४. घर/जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गावहाल कर लगाइनेछ। जिल्ला दररेटको आधारमा मुल्याङकन भन्नाले यस बाजुरा जिल्ला मुल्याङकन समितिको निर्णयानुसार हुनेछ। मूल्याङ्कनको सुत्र : जमिनको मूल्याङ्कन = क्षेत्रफल (वर्ग मिटर)* प्रति वर्ग मिटर दर(जिल्ला दर)

**५. व्यवसाय करः** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइनेछ **र** वडा भित्रका ब्यापार व्यवसाय दर्ता गर्नका लागि सम्बंधित वडाका कर्मचारीलाई खटाइनेछ ।

**६. सवारी साधन करः** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची-५ बमोजिम सवारी साधन कर लगाइनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७. विज्ञापन करः** बिज्ञापन कर प्रादेशिक ऐन अनुसार हुनेछ ।

**८. मनोरन्जन करः** नगरपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची- ६ बमोजिम कर लगाइनेछ।

**९. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची -७ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइनेछ। यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि हाटबजारहरुमा बहाल बिटौरी शुल्क लाग्ने छैन।

**१०. पार्किङ शुल्कः** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएका कार्यपालिकाको निर्णय बमोजिम पार्किङ शुल्क लगाइनेछ।

**११. सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची- ८ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइनेछ।

**१२. पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट त्रिवेणी नगरपालिकाले आवश्यक अध्ययन गरी कार्यपालिकाको निर्णयानुसार पर्यटन शुल्क लगाउन सक्नेछ ।

**१३. जडीबुटी, कवाडी र मरेका वा मारिएका जीवजन्तु करः** कुनै ब्यक्ति वा संस्थाले ऊन खोटो, जडीबुटी, बनकस, कवाडी मलमा र प्रचलित कानुन बमोजिम निषेधितबाहेक जिवजन्तुको हाड, सिग, प्वाख, छाला वा यस्तै प्रकृतिको बस्तुको ब्यवसायिक उपयोग गरे बापत अनुसूची-९ बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लगाइनेछ।

**१४. नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री करः** नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री करः यस नगर क्षेत्र भित्र भएर बग्ने, वातावरणीय अध्ययन गरेका र घाटगद्दि तोकीएका नदी/खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनूसुची १० मा उल्लेख भए बमोजिम बिक्री कर रोयल्टी लगाइनेछ।

**१५. सामुदायिक बनबाट प्राप्त आयः** यस नगर क्षेत्र भित्रका सामुदायिक बनका उपभोक्ता समितिले वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम यस नगरपालिकामा जम्मा गर्नु पर्नेछ।

**१६ बहुवर्षिय ठेक्का :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बहुवर्षिय ठेक्काको हकमा एक वर्षको स्वीकृत ठेक्का रकमले हुन आउने रकमको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा १५ महिना अबधि सम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गर्ने । यस पछिका बर्षहरूमा समेत सोही अनुसार ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि / निर्देशिका नगरपालिकाले तोके अनुसार हुनेछ।

**१८.पुरस्कार तथा जरिवाना :** यस त्रिवेणी नगरपालिका बाट स्वीकृत भै जारी भएका ऐन, नियम, बिनियम, कार्यविधि, निर्देशिका र निर्णय आदिमा व्यवस्था भए बमोजिम पुरस्कार र जरिवानाको व्यवस्थालाई लागु गरिनेछ।

**१९. बाधा अड्काउ फुकाउ** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा त्रिवेणी नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ।

**२०. खारेजी** : साविकमा त्रिवेणी नगरपालिका ले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हद सम्म खारेज हुनेछ ।

अनुसुचि १

दफा २ संग सम्वन्धित सम्पति कर

घर करका दरहरु

| घरको प्रकार | | कर दर रु २०८३।०८४ |
|---|---|---|
| खरको छानो भएको एकतले घर | | ३० |
| प्ररम्परागत ढुङ्गा माटोको गारो भएको ढुङ्गाको पडाले छाएको | एकतले | ३५ |
| | दुइतले | ४० |
| | तिन तले | ५० |
| ढुङ्ग/ इटा सिमेन्टले बनेको पक्की घर | एकतले | १५० |
| | दुइतले | १७५ |
| | तिनतले | २०० |

अनुसुचि २

दफा ३ सँग सम्बन्धित भुमिकर

भूमिकर(मालपोत )का दरहरु

| विवरण | दर रु २०८३।०८४ |
|---|---|
| ० देखि १ लाख सम्मको मुल्याङकनमा | ४० |
| ० देखि ५ लाख सम्मको मुल्याङकनमा | ८० |
| पाँच लाख भन्दा माथि १० लाख सम्मको मुल्याङकनमा | १०० |
| १० लाख भन्दा माथि देखि २५ लाख सम्मको मुल्याङकनमा | १५० |

| | |
|---|---|
| २५ लाख भन्दा माथि देखि ५० लाख सम्मको मुल्याङकनमा | २५० |
| ५० लाख भन्दा माथि देखि १ करोड सम्मको मुल्याङकनमा | ४०० |
| १ करोड भन्दा माथिको मुल्याङकनमा | ६०० |

नोटः बक्यौता बाँकीमा चालु आ.व को दररेट अनुसार नै सम्पति कर र मालपोत कर संकलन गरिनेछ । यस्तो बक्यौतामा प्रत्येक वर्षमा १०% जरिवाना लिईनेछ

अनुसूचि–३

दफा ४ सँग सम्बन्धित)

घर वहाल कर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, सवारी साधन, गोदाम, टहरा, छप्पर वा पोखरी पुरै वा आंशिक रुपले वहालमा दिएकोमा नगरपालिका लेवहाल वा जग्गा वहाल कर वार्षिक १०% लगाइनेछ ।

अनुसूचि–४

दफा ५ सँग सम्बन्धित)

व्यवसाय कर

| क्र.स. | करका क्षेत्र/ विवरण | दर्ता तथा बार्षिक नविकरण वापतको शुल्क दर २०८३/८४ |
|---|---|---|
| **मदिरा तर्फ** | | |
| | मदिरा पसल दर्ता शुल्क | ३१००० |
| | मदिरा पसल नविकरण शुल्क | ४५०० |
| | रसायनिक मल बिक्रेता इजाजत पत्र | ३००० |
| | रसायनिक मल विक्रेता इजाजत नविकरण बार्षिक | ५०० |
| | **होटेल लज रेष्ट्रेन्ट तथा होमस्टे** | |
| | ५ लाख सम्म पुजी लगानी भएको होटल | ५०० |
| | ५ लाख भन्दा माथि १० लाख सम्म पुजी लगानी भएको होटल | १००० |
| | १० लाख माथि पुजी लगानी भएको होटल | २००० |
| | होमस्टे | २००० |
| | | |
| | | |
| **स्वास्थय सेवा तर्फ** | | |
| | एक्सरे,ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | १५००० |
| | एक्सरे,ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल | ५००० |
| | डेन्टल हस्पिटल | ८००० |

| | | |
|---|---|---|
| | औषधि पसल/फार्मसी | १००० |
| | निजी मेडिकल | १००० |
| | पोलिक्लिनिक | २००० |
| **मर्मत सेवा तर्फ** | | |
| | विवरण | दर |
| | चार पाङ्गे गाडी मर्मत | २५०० |
| | मोटरसाइकल मर्मत | १५०० |
| | अटो मर्मत | १५०० |
| | रेडियो घडी,मोबाइल, तथा विद्युतीय उपकरण मर्मत | १००० |
| | अन्य इलेक्ट्रोनिक सामान मर्मत | ५०० |
| **शिक्षा सेवा तर्फ** | | |
| | आधारभूत तहका निजी विद्यालय | १५०० |
| | माध्यमिक तहका निजी विद्यालय | ३००० |
| | तालीम तथा अनुसन्धान केन्द्र | १००० |
| | टाइपिङ,कम्प्युटर तथा भाषा परिक्षण केन्द्र | १००० |
| | अन्तराष्ट्रिय गैर सरकारी संस्था | १५०० |
| | माध्यमिक तह सम्म कोचिङ सेन्टर सञ्चालन गर्ने संस्था | १००० |
| | क्याम्पस तह सम्म कोचिङ सेन्टर सञ्चालन गर्ने सस्था | १५०० |
| | अन्य(लोकसेवा तयारी कक्षा,शिक्षक सेवा आयोग लगायत अन्य) तयारी कक्षा सञ्चालन गरेबापत | १००० |
| **सञ्चार सेवा तर्फ** | | |
| | ईन्टरनेट सेवा,केवल नेटवर्क प्रदायक संस्था | २००० |
| | फोन फ्याक्स फोटोकपी साइवर ईमेल सेवा | १००० |
| | कुरियर सेवा | १००० |
| | एफ एम रेडियो | ११०० |
| | नेपाल टेलिकम बाहेकका अन्य टेलिफोन सेवा | १५०० |
| **निर्माण व्यवसायी** | | |
| | घ वर्ग निर्माण व्यवसाय इजाजत नविकरण | ३५०० |
| **कानून व्यवसायी** | | |
| | वरिष्ठ अधिवक्ता र अधिवक्ता | १५०० |
| | अभिकर्ता | १००० |
| | लेखापढी व्यवसायी | ५०० |
| **लेखा परीक्षक** | | |
| | क श्रेणी र ख श्रेणी | ५००० |
| | ग श्रेणी | २५०० |
| | घ श्रेणी | १५०० |
| **वित्तीय सेवा तर्फ** | | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेका बाहेकका केन्द्रिय स्तरका बाणिज्य बैङ्कहरु | १०००० |
| | विकास बैङकहरुका शाखा कार्यालयहरु | ८००० |

| | | |
|---|---|---|
| | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ८००० |
| | वित्तीय कम्पनीको शाखा कार्यालय | ५००० |
| | सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्था (केन्दीय तथा प्रदेश स्तरका) | ५००० |
| | सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्था स्थानीय स्तरका | २००० |
| | लघु वित्त (माइक्रो फाईनान्स) वित्तीय संस्था | २००० |
| | बिमा कम्पनीहरु | १००० |
| | मनी ट्रान्सफर | १५०० |
| | बहुउद्देशीय तथा एकल सहकारी संस्था | २००० |
| **अन्य व्यवसायहरु** | | |
| | जुता सिलाई पसल | ५०० |
| | माछामासु पसल | १००० |
| | स्टेशनरी तथा पुस्तक पसल | १००० |
| | कस्मेटिक पसल | १००० |
| | कपडा फेन्सि सिलाईकटाई पसल | १००० |
| | इलेक्ट्रोनिक पसल/ भाडा पसल | १००० |
| | फर्निचर उधोग | २५०० |
| | फोटो स्टुडियो/ छपाई पसल | १००० |
| | कुटानी पिसानी मिल | १००० |
| | अल्लो प्रशोधन केन्द्र /हाते कागज | १००० |
| | टोल समिति/आमा समुह/महिला समुह तथा अन्य समुह दर्ता तथा नविकरण | १००० |
| | किराना खुद्रा पसल/ फलफुल तरकारी पसल | १००० |
| | खानेपानी मुहान तथा जलस्रोत समिति दर्ता /नविकरण | १००० |
| | अफसेट प्रेस | १५०० |
| | संस्था तथा समुह | १००० |
| | साधारण प्रेस | ५०० |
| | स्टील,काठ फर्निचर कार्पेट विक्रेता | २००० |
| | थोक खाद्य पसल | १५०० |
| | टेन्ट हाउस उच्च स्तरकोफ | २००० |
| | टेन्ट हाउस सामान्य स्तरको | १००० |
| | ज्योतिष सेवा संञ्चालन | ७०० |
| | ढुङ्गा, बालुवा वा पथर सप्लाई व्यवसाय | १००० |
| | फलामे आरन व्यवसाय | १००० |
| | ग्रिल उधोग | १५०० |
| | निमार्ण सामाग्री लगायतका सामाग्रिको खरिदबिक्रि व्यापार गर्ने पसल/ अर्डर सप्लायर्स | २००० |
| | कृषक समुह /साना पशुपंछी फर्म | ५०० |

| | | |
|---|---|---|
| | व्यक्तिगत फर्म /उद्योग | १००० |
| | सिमेन्ट, टाइल तथा ब्लग उधोग | ४००० |
| | डेरी उधोग | १००० |
| | चिया नास्ता पसल | १००० |
| | ट्रान्सपोर्ट ढुवानी सेवा | २५०० |
| | अन्य फर्म सुचिकृत | १००० |
| | इन्जिनियरिङ् कन्सलटेन्सि | २५०० |
| | पेन्टिङ्ग आर्ट पसल | १००० |
| | सुनचाँदी पसल | १००० |
| | पाउरोटी, चकलेट, चाउमिन नमकिन तथा अन्य साना उधोग | १००० |
| | फर्निचर उधोग काठ | २५०० |
| | फर्नेचर उधोग स्टिल | २००० |
| | ह्यचरी उधोग सो सम्बन्धि | १००० |
| | एफ एम रेडियो दर्ता | १२००० |
| | एफ एम रेडियो नविकरण | ३००० |
| | पत्रपत्रिका मिडिया | १००० |

४५. त्रिवेणी नगरपालिकाको क्षेत्र भित्र रहेका बिभिन्न धार्मिक एवं पर्यटकिय क्षेत्रहरु जस्तैः बडिमालिका मन्दिर, त्रिवेणी धाम, नाटेश्वरी मन्दिर र अन्य क्षेत्रहरुमा धार्मिक मेलाका समयमा कुनै पनि ब्यक्तिहरुले पसल होटल संचालन गर्न चाहेमा उक्त मेला संचालन हुनु भन्दा १ हप्ता अगावै तपसिल बमोजिमको दस्तुर बुझाइ पालिका बाट स्वीकृति लिइ संचालन गर्नुपर्नेछ ।

| क्र.सं. | किसिम | दस्तुर | कैफियत |
|---|---|---|---|
| | बडिमालिका क्षेत्रमा होटेल संचालन गरेमा प्रति दिनको | ८०० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| | वडिमालिका क्षेत्रमा पसल संचालन गरेमा | ५०० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| | बडिमालिका क्षेत्रमा होटेल र पसल संचालन गरेमा | १००० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| | नाटेश्वरी क्षेत्रमा पसल संचालन गरेमा प्रति दिन | १००० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| | नाटेश्वरी क्षत्रमा होटल संचालन गरेमा प्रति दिन | १२०० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| | नाटेश्वरी क्षत्रमा होटल पसल संचालन गरेमा प्रति दिन | २००० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |

नोटः माथि उल्लेखित मदिरा शुल्क र घ वर्गको इजाजत पत्र नविकरण वाहेक अन्य सम्पुर्णको दर्ता शुल्क अनुसार नै नविकरण शुल्क कायम गरिनेछ ।

अनुसूचि–५
दफा ६ सँग सम्बन्धित)
सवारी साधन कर

| क स | सवारि साधनको प्रकार | आ व २०८३/०८४ दर |
|---|---|---|
| १ | अटो रिक्सा तथा विद्युतिय रिक्सा | १५०० |

अनुसूचि–६
दफा ८ सँग सम्बन्धित)
मनोरञ्जन कर

| क स | विवरण | ईकाई | आ व २०८३।०८४ दर |
|---|---|---|---|
| १ | सिनेमाहल तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश | प्रति टिकट | २% |
| २ | प्रवेश शुल्क लाग्ने मनोरञ्जनात्मक व्यवसायीक मिनी मेला, व्यवसायीक मेला तथा खेलकुदका लागी | प्रति प्रवेश टिकट | ५ |
| ३ | नगरपालिका बाट स्विकृत गरि संञ्चालन हुने मनोरञ्जनात्मक मिनी मेला व्यवसायीक तथा खेलकुद लगायतका लागी न्यूनत्म ५ दिन सम्मका लागी | प्रति दिन | ३००० |
| ४ | सो भन्दा बढी प्रत्येक दिनका लागी थप | प्रत्येक दिन | १००० |

अनुसूचि–७
दफा ९ सँग सम्बन्धित)
बहाल बिटौरी कर

| **क.सं.** | **विवरण** | **अवधि** | **आ.व. २०८३।०८४को प्रस्तावित दर** |
|---|---|---|---|
| १ | ट्रष्टको टहरा वहाल दस्तुर | बार्षिक | १५०० |
| २ | काठको टहरा वहाल दस्तुर | बार्षिक | ११०० |
| ३ | टहरा वहाल नामसारी दस्तुर | बार्षिक | १००० |
| ४ | कच्ची घर | बार्षिक | १२०० |
| ५ | सरकारी जग्गा उपयोग गरेवाफत | बार्षक | १५०० |
| ६ | माथीका बाहेक अन्य प्रकारका घरहरु | बार्षिक | ७५० |

अनुसूचि–८
दफा ११ सँग सम्बन्धित)
सेवा शुल्क, दस्तुर

१. सिफारिस तथा प्रमाणित शुल्क

| क स | विवरण | आ व २०८३/०८४ दस्तुर |
|---|---|---|
| १ | सामान्य सिफारिस दस्तुर | १०० |
| २ | योजना माग सिफारिस | |
| ३ | नगरपालिकामा योजना माग | १०० |
| ४ | प्रदेशमा योजना माग | २०० |
| ५ | संघमा योजना माग | ३०० |
| ६ | सार्वजनिक मठमन्दिर, पाटिपौवाको हकमा योजना माग सिफारिस दस्तुर | निशुल्क |
| ७ | योजना सम्झौता सिफारिस शुल्क | |
| ८ | १ लाख सम्मका योजना तथा कार्यक्रम सम्झौता | २०० |
| ९ | १ लाख देखि ५ लाख सम्मका योजना तथा कार्यक्रम सम्झौता | ३०० |
| १० | ५ लाख देखि माथि १० लाख सम्मका योजना सम्झौता | ५०० |
| ११ | १० लाख भन्दा माथिका योजना सम्झौता सिफारिस शुल्क | १००० |
| १२ | योजना भुक्तानी सिफारिस | |
| १३ | १ लाख सम्मका योजना तथा कार्यक्रम भुक्तानी | ३०० |
| १४ | १ लाख देखि माथि ५ लाख सम्मका | ५०० |
| १५ | ५ लाख देखि माथि १० लाख सम्मका | १००० |
| १६ | १० लाख देखि माथि २० लाख सम्म | २००० |
| १७ | २० लाख देखि माथिका योजना भुक्तानी | ३००० |
| १८ | अन्य निकायका अनुदान कार्यक्रम भुक्तानी १ लाख सम्म । | २०० |
| १९ | अन्य निकायका अनुदान कार्यक्रम भुक्तानी १ लाख भन्दा ५ लाख सम्म । | ५०० |
| **२०** | अन्य निकायका अनुदान कार्यक्रम भुक्तानी ५ लाख भन्दा माथि १० लाख सम्म । | ८०० |
| **२१** | अन्य निकायका अनुदान कार्यक्रम भुक्तानी १० लाख भन्दा माथिका सबै | १२०० |
| २२ | नागरिकता सिफारिस | २०० |
| २३ | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| २४ | नागरिकता प्रतिलिपी सिफारिस | २५० |
| २५ | नाबालक परिचय पत्र सिफारिस | २०० |
| **सर्जमिन मुचुल्का शुल्क** | | |
| १ | नागरिकता सिफारिसका लागि गरिने सर्जमिन मुचुल्का | **२००** |
| २ | व्यक्तिगत घटना दर्ताका लागि गरिने मुचुल्का | २०० |
| ३ | कृषि/पशुपन्छीजन्य व्यवसायको दर्ताका लागि गरिने सर्जमनि | ३०० |
| ४ | अन्य सबै किसिमका सर्जमिन मुचुल्का | ३०० |
| **अन्य विभिन्न सिफारिस तथा प्रमाणित दस्तुर** | | |
| १ | दुबै नाम एकै हो भन्ने सिफारिस नेपालीमा | २०० |
| २ | दुबै नाम एकै हो भन्ने सिफारिस अङ्ग्रेजीमा | ३०० |

| | | |
|---|---|---|
| ३ | दुर्गम, पि.छे दलित तथा खस आर्य प्रमाणीत दस्तुर | १०० |
| ४ | नाम, थर सच्याउने सिफारिस | २०० |
| ५ | नाता प्रमाणित सिफारिस दस्तुर नेपालीमा | २०० |
| ६ | नाता प्रमाणित सिफारिस दस्तुर अङग्रेजीमा | ३०० |
| ७ | मृतकसँगको नाता प्रमाणित | १५० |
| ८ | सम्पती मुल्याङकन शुल्क | ०.१% |
| ९ | चलनचल्तीको मुल्य प्रमाणित (५ लाख सम्मको) | ३०० |
| १० | चलन चल्तीको मुल्य प्रमाणित ५ लाख माथि २० लाख सम्मको | ५०० |
| ११ | चलनचल्तीको मुल्य प्रमाणित २० लाख माथिको | १००० |
| १२ | बहाल करको लेखाजोखा | ३०० |
| १३ | घरबाटो प्रमाणित | ३०० |
| १४ | कित्ताकाट सिफारिस | ३०० |
| १५ | नक्सामा घर कायम रहेको सिफारिस | २०० |
| १६ | संरक्षक प्रमाणित गर्ने सिफारिस | २०० |
| १७ | हकवाला वा हकदार प्रमाणित | २०० |
| १८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० |
| १९ | नाता कायम सिफारिस | १५० |
| २० | अंशियार प्रमाणित | २०० |
| २१ | विवाह प्रमाणित | २०० |
| २२ | अविवाहित प्रमाणीत सिफारिस | २०० |
| २३ | अर्को विवाह नगरेको प्रमाणित | १०० |
| २४ | व्यक्तिगत प्रमाणीत सिफारिस | १०० |
| २५ | स्थायी बसोबास प्रमाणीत सिफारिस | १०० |
| २६ | बसोबास प्रमाणित अङगेजी | ३०० |
| २७ | सगोल प्रमाणित/ पारिवारीक विवरण | २०० |
| २८ | चारित्रिक प्रमाणीत सिफारिस | २०० |
| २९ | चारकिला प्रमाणीत सिफारिस शुल्क | ५०० |
| ३० | जातजाती प्रमाणित सिफारिस | २०० |
| ३१ | खानेपानी,विद्युत,टेलिफोन जडान र नामसारी सिफारिस (आवासीय) | २०० |
| ३२ | खानेपानी,विद्युत,टेलिफोन जडान र नामसारी सिफारिस (व्यावसायिक) | |
| ३३ | जन्ममिति/ठेगाना संशोधन सिफारिस | २०० |
| ३२ | जन्म प्रमाणित | २०० |
| ३५ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | २०० |
| ३६ | भारतीय पेन्सन सम्बन्धी सिफारिस | २०० |
| ३७ | व्यवसाय बन्द तथा परिवर्तन | २०० |
| ३८ | नयाँ व्यवसाय दर्ता सिफारिस | १००० |
| ३९ | कारोबार थप सिफारिस | १००० |
| ४० | साना तथा मझौता उद्योग स्थापना सिफारिस | ३००० |
| ४१ | ठुला उद्योग स्थापना सिफारिस | ५००० |
| ४२ | व्यवसाय नामसारि तथा ठाँउसारि | २०० |
| ४३ | सुर्तिजन्य व्यवसाय सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ४४ | व्यवसाय दर्ता प्रमाणपत्र सिफारिस | ५०० |
| ४५ | जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपि सिफारिस | २०० |
| ४६ | जग्गा नामसारी | ३०० |
| ४६ | जग्गा नामसारी मरुवाको सरुवा | ५०० |
| ४७ | सामुदायिक वन उपभोक्ता समिति दर्ता नविकरण | १५०० |
| ४८ | रुख काट्ने सिफारिस प्रति गोटा | ५० |
| ४९ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २०० |
| ५० | व्यक्तिगत घटना दर्ता | |
| ५१ | जन्म,मृत्यु ,विवाह,सम्बन्ध विच्छेद बसाइसराई र मृत्यु दर्ता ३५ दिन भित्रको | निशुल्क |
| ५२ | जन्म,मृत्यु ,विवाह,सम्बन्ध विच्छेद बसाइसराई र मृत्यु दर्ता ३५ दिन पछिको विलम्व शुल्क | २०० |
| ५३ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी शुल्क | ५०० |
| ५४ | व्यक्तिगत घटनादर्ता प्रमाणित शुल्क (विस २०४७ साल अघिका घटनाको हकमा । ) | २०० |
| ५५ | व्यक्तिगत घटना तथा नागरिकता अभिलेख दर्ता किताब हेरेको | १०० |
| **सभाहल उपयोग शुल्क** | | |
| १ | नगरपालिकाको सभाहल व्यवासायिक/नाफामुलक संघसस्था प्रतिदिन | २००० |
| २ | नगरपालिकाको सभाहल राजनीतिक दल वा सो सम्बद जनवर्गीय संगठनको लागि । | २००० |
| ३ | नगरपालिकाको गैरसरकारी संस्था,बैङ्क तथा वित्तीय संस्थाको लागि | २००० |
| ४ | नगरपालिका भित्रका क्लब,आमा समूह वा गैर नाफामूलक कार्यक्रम लागि | ५०० |
| ५ | वडा कार्यालयका सभाहल भाडामा प्रतिदिन | ५०० |
| **निवेदन दस्तुर** | | |
| १ | न्यायीक समिति बाट मेलमिलाप निवेदन दस्तुर | २०० |
| २ | घर नक्सा निवेदन दस्तुर प्रति पटक | १० |
| ३ | जग्गाको रेखाङ्कनमा प्राविधिक खटाउदा सेवा दस्तुर | १००० |
| ४ | फोटो स्टूडियो तथा छपाई सम्बन्धि पसल सिफरिस दस्तुर | १००० |
| ५ | कृषि उपज निकासि पैठारि शुल्क प्रति के जि | २० पैसा |
| ६ | TS मेसिनको दैनिक भाडा दर | १५०० |
| **वैदेशिक प्रयोजनका लागि गरिने सिफारिस ।** | | |
| १ | ठेगाना प्रमाणित | ३०० |
| २ | पेशा प्रमाणित Occupation verification | ३०० |
| ३ | जन्म प्रमाणित अङ्गेजी | ३०० |
| ४ | कर चुक्ता प्रमाणित शुल्क(Tax Clearance Certificate) | ५०० |
| ५ | कन्सुलर प्रमाणित | ५०० |
| ६ | अविवाहित प्रमाणित | ३०० |
| ७ | विवाह प्रमाणित | ३०० |
| ८ | अन्य सबै किसिमका सामान्य अङग्रेजी सिफारिस | ३०० |
| **स्रोत प्रमाणित वैदेशिक प्रयोजनका लागि** | | |
| १ | १० लाख सम्म आयस्रोत प्रमाणीत सिफारिस दस्तुर | ७०० |
| २ | १० लाख भन्दा माथि २५ लाख सम्म आयस्रोत प्रमाणीत सिफारिस दस्तुर | १५०० |
| ३ | २५ लाख देखि माथि आयस्रोत प्रमाणीत सिफारिस दस्तुर | २००० |
| **आयस्रोत प्रमाणित स्वदेशको प्रयोजनका लागि** | | |
| १ | पहिलो १० लाख सम्म | ५०० |

| | | |
|---|---|---|
| २ | दस लाख १ देखि पच्चिस लाख सम्म | १००० |
| ३ | पच्चिस लाख १ देखि पचास लाख सम्म | २००० |
| ४ | पचास लाख १ खेखि पचहत्तर लाख सम्म | ३००० |
| ५ | पचहत्तर लाख १ देखि १ करोड सम्म | ४००० |
| ६ | १ करोड १ देखि १ करोड पचास लाख सम्म | ५००० |
| **निजि शैक्षिक संस्था तर्फ** | | |
| १ | मन्टेश्वरी, पुर्व प्राथमिक प्रति निवेदन | ६००० |
| २ | कक्षा १ देखि ३ कक्षा सम्म प्रति निवेदन | ८००० |
| ३ | आधारभुत तह(१-५) प्रति निवेदन | १०००० |
| ४ | निम्न माध्यामिक तह (१-८) प्रति निवेदन | ११००० |
| ५ | माध्यमिक तह (कक्षा १० सम्म) प्रति निवेदन | १३००० |
| ६ | माध्यमिक तह (कक्षा १२ सम्म) प्रति निवेदन | १५००० |
| ७ | कलेज स्थापना संचालन स्वीकृतिको लागि अनुमति तथा सिफारिस दस्तुर प्रति निवेदन | १२५०० |
| ८ | प्राविधिक शिक्षण संस्था प्रति निवेदन | १२५०० |
| ९ | स्तर बृद्धिका लागि सिफारिस प्रति विषय | ७५०० |
| १० | कक्षा ५ सम्मका लागि प्रति कक्षा | ५००० |
| ११ | कक्षा ६ देखि ८ सम्मका लागि प्रति कक्षा | ६००० |
| १२ | कक्षा ९ र सो देखि माथि प्रति कक्षा | ७००० |
| १३ | संस्थागत विद्यालय ग्रेडसिट प्रति विधार्थी | २०० |
| १४ | ग्रेडसिटको प्रतिलिपि (निजि तथा सरकारी दुवै) प्रति विधार्थी | ३०० |
| १५ | नक्सापास निवेदन फारम किताव प्रति गोटा | ११०० |
| १६ | नक्सा प्रमाण-पत्रको प्रतिलिपी दस्तुर प्रति पटक | ३०० |
| १७ | नक्साको प्रतिलिपी दस्तुर प्रति पटक | ५०० |
| १८ | पेट्रोल डिजेल तथा आयल स्टोर सिफारिस | ५००० |
| १९ | घ वर्गको ईजाजत पत्र हकवालाको नाममा नामसारि सिफारिस शुल्क | १००० |
| २० | घ वर्गको ईजाजत पत्र हकवाला बाहेकको नाममा नामसारि सिफारिस शुल्क | १५०० |
| २१ | उपभोक्ता समिति मार्फत पालिका भित्र गरिने योजनाको काममा प्रति घन्टा | २००० |
| २२ | अन्य निकाय फर्म वा ठेका छिमेकि गाउपालिका वा नगरपालिकाका मार्फत गरिने योजनाको काममा प्रति घन्टा | २५०० |
| २३ | जे सी बि मा लाग्ने इन्धन खर्च स्वयंले व्यहोर्नु पर्नेछ । | |

आव २०८३/८४ मा देहायका सिफारिसहरु निःशुल्क हुनेछन ।

क) अपाङ्गता भनी व्यक्तिगत अपाङ्गता सिफारिस
ख) विपद परेको भनी राहतका लागि गरिने सिफारिस
ग) नसर्ने कडा तथा विपन्न गरिब निःशुल्क स्वास्थय उपचारका लागि गरिने सिफारिस
घ) विपन्न तथा एकल महिला सिफारिस गर्दा
ङ) विपन्न नागरिकको काजकृया खर्चका लागि सिफारिस
च) सामाजिक सुरक्षा भत्ता सम्बन्धी सिफारिसहरु ।

**२. पशुसेवा तर्फ**

| क.स | पशु उपचार सेवा | लाग्ने शुल्क |
|---|---|---|
| १ | गाई भैसी घोडा | १० |
| २ | भेडा बाख्रा बंगुर खरायो | ५ |
| ३ | कुकुर विरालो | ५ |
| ४ | कुखुर हाँस लगायत पन्छीहरु | ५ |
| **परीक्षण शुल्क** | | |
| १ | गोवर परिक्षण | २० |
| २ | गर्भ परिक्षण | ५० |
| ३ | शब परिक्षण,गाइ भैसी बाख्रा बंगुर लगायत | ५० |
| **बन्याकरण** | | |
| १ | बोका | ५० |
| २ | राँगो/साँढे | १०० |
| ३ | कृत्रिम गर्भाधान गाई भैसी | २०० |
| **ओसारपसार शुल्क** | | |
| १ | राँगा,भैसि प्रतिगोटा | २०० |
| २ | खसि,बोका र बाख्रा | १०० |
| ३ | गाई/गोरु | ५० |

नाटेश्वरी मन्दिर र अन्य क्षेत्रहरुमा धार्मिक मेलाका बेलामा सरसफाई गर्ने प्रयोजनका लागि लिने सेवा शुल्क

| क.सं. | बलिको प्रकार | प्रति बलि दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | साधारण वलि प्रति बोका | ५० | |
| २ | पन्चवलि प्रति ब्यक्ति | १५० | |

आ.व ०८३/०८४ मा वडीमालिका,त्रिवेणी धाम नाटेश्वरीमा आउने तिर्थ यात्रुहरुका लागी शौचालन र सरसफाई लाइ व्यावस्थापन गर्ने प्रयोजनका लागी तिर्गयात्रीहरु संग स्वच्छिक रुपमा त्रिवेणी नगरपालिकाको नगदी रसिद प्रयोग गरी सेवा शुल्क लिने । सेवा शुल्क उठाउनका लागी न.पा का कर्मचारीहरु लाइ खटाइ सेवा शुल्क उठाउने व्यवस्था कायम गर्ने ।

अनुसूंचि -९

(दफा १३ सँग सम्बन्धित)

जडीबुटी कर, कवाडी कर,र मरेका वा मारीयका जीवजन्तु कर

| क.सं | करका क्षेत्र/विवरण | दर रु. |
|---|---|---|
| क | **जडीबुटी तथा वन्यजन्तु सम्वन्धि कर** | |
| १ | जडीबुटि बन्यजन्तु अन्य खनिज पदार्थहरु प्रति के.जी मुल्यको | ३% |
| २ | वनजन्य काठ काठको प्रकृति र मुल्य अनुसार प्रति क्यु फिट | १० |
| ३ | वनजन्य घाँस पात संकलन गर्न प्रबेश शुल्क प्रति पटक  नगरपालिका भित्र | १० |
| ४ | बनजन्य  संकलन गर्न प्रबेश शुल्क प्रति पटक  नगरपालिका बाहिरका लागी | ५० |
| ५ | अन्य बिशेष बहुमुल्य खनिज पदार्थहरु मुल्यको आधारमा प्रति के.जी मुल्यको | २०% |
| ६ | मृत जीवजन्तुको सिङ,प्वाँख हाडखुर प्रतिकेजी | रु २ |
| **ख.** | **कवाडी कर सम्वन्धि** | |
| १ | धातुजन्य कवाड फलाम र स्टिल प्रति क्युन्टल | ५० |
| २ | जस्तापाता प्रति क्युन्टल | १० |
| ३ | अन्य धातु तामा,पितल,प्रति के.जी | ४ |
| ४ | कार्पेटका टुक्रा प्रति केजी | २० पैसा |
| ५ | पुरानो टायर प्रतिकेजी | १० पैसा |
| ६ | खाली सि.सि मदिरा जन्य ५०० एम.एल भन्दा कम प्रति गोटा | २ पैसा |
| ७ | खालि सि.सि मदिरा जन्य ५०० एम.एल भन्दा बढी प्रति गोटा | ५ पैसा |
| ८ | सबै प्रकारका प्लास्टिक जन्य कवाड प्रति क्युन्टल | रु. १० |
| ९ | कागज जन्य कवाड प्रति क्युन्टल | रु. ५ |
| १० | पुरानो ब्याट्री | प्रतिकेजी ३ |

**अनुसुचि — १०**

**दफा १४ संग सम्वन्धित**

**नदिजन्य पदार्थ बिक्रि कर**

| क.सं | विवरण शिर्षक | रकम |
|---|---|---|
| १ | नदिजन्य पदार्थ ढुङ्गा गिट्टी र बालुवा | प्रदेश ऐनले तोके बमोजिम हुने |
| २ | स्लेट प्रति वर्ग फिट | प्रदेश ऐनले तोके बमोजिम हुने |

आज्ञाले,

बुद्धिप्रसाद उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत